त्रैमासिक बुलेटिन

# लू निभाः दर्पण

बर्षः ९ अङ्कः १ जनवरी- मार्च २०१५

Interpedia
प्रकाशन सहयोगी

## लू निभाः गतिविधि

## १. युवा सहजकर्ताका लागि पुनरताजकी कार्यक्रम

**१.१)डडेल्धुराका १२ युवाहरुको क्षमतामा अभिवृद्धि**

डडेल्धुरा/ युवा सहजकर्ताका लागि दुई दिने पुनरताजकी कार्यक्रम होटल अमरगढी, तुफानडाँडामा माघ १५ देखि १६ गतेसम्म आयोजना गरियो । सामुदायिक सचेतना कार्यक्रमका लागि १२ युवाहरुलाई गुणस्तरीय शिक्षा, शिक्षाअधिकार, सामाजिक कुप्रथाका विषयमा सहजीकरण सीपक साथ कार्यक्रम सम्पन्न गरिएको थियो । लू निभाःका स्रोतव्यक्ति विष्णुगोपाल डंगोल र कार्यक्रम अधिकृत ज्ञानभक्त महर्जनले कार्यक्रम सहजीकरण गर्नुभएका थियो ।

सामुदायिक सचेतना कार्यक्रमलाई प्रभावकारी तथा दिगो रूपमा अगाडि बढाउनका लागि कार्यक्रम अवधिभर विभिन्न छलफल तथा अन्तर्क्रिया गरिएको थियो । विगतका अनुभवको आधारमा सहभागीहरुले सामाजिक कुप्रथालाई न्युनीकरण गर्ने उद्देश्यका साथ कार्यतालिका निर्माण गरेका थिए ।



*कार्यक्रममा परिचय दिँदै सहभागी युवा स्वयंसेवकहरु*

### १.२) युवाहरुलाई सहजीकरण विषयक पुनरताजकी तालिम

गिम्दी/दक्षिण ललितपुरको गिम्दी, ठूलादुर्लुङ र आश्राङ गाविसका युवा स्वयम्सेवकहरुलाई लक्षित गरी फाल्गुण ५ देखि ७ गतेसम्म समुदायिक सहजीकरण विषयक पुनरताजकी तालिम सम्पन्न गरिएको छ। अभिभावकहरुलाई लक्षित गरि सञ्चालन गरिने सामुदायिक शैक्षिक सचेतना कार्यक्रमलाई अझ व्यवस्थित र प्रभावकारी ढङ्गले सञ्चालन गर्न युवा सहजकर्ताहरुको सीप र क्षमतालाई थप बृद्धि गर्नु र बिगतका राम्रा र सुधार्नु पर्ने पक्षहरुका बारेमा छलफल गर्नु तालिमको मुख्य उद्देश्य थियो। १६ जना युवा स्वयम्सेवकसँगै ३ जना सामाजिक परिचालकहरु गरि जम्मा १९ जनाको सहभागिता थियो। स्रोतव्यक्ति विष्णुगोपाल डंगोल र संस्थाका कार्यक्रम अधिकृत ज्ञानभक्त महर्जनले सहजीकरण गर्नु भएको थियो।

कार्यक्रममा तीन वटै गाविसका युवा स्वयम्सेवकहरुको सक्रिय सहभागितामा दक्षिण ललितपुर युवा सञ्जाल गठन भई वार्षिक कार्ययोजना बनाएका थिए। साथै सन् २०१५ मा सञ्चालन गरिने सामुदायिक शैक्षिक सचेतना कार्यक्रमका लागि आवश्यक छलफलपश्चात तीन वटै गाविसको योजना तयार गरियो।




*समुहकार्यमा सहभागिता जनाउँदै दक्षिण ललितपुरका युवा स्वयंसेवकहरु*

## २. सामुदायिकशैक्षिक सचेतना कार्यक्रम

### २.१)गुणस्तरीय शिक्षा प्रवर्द्धनमा अभिभावकको भूमिका

ललितपुर/ गुणस्तरीय शिक्षा प्रवर्द्धनमा अभिभावकहरुको भूमिका र समाजमा भइरहेको बाल विवाह रोकथामका विषयमा सचेतना गर्ने उद्देश्यका साथफागुण १५ देखि चैत्र १५ गतेसम्म ललितपुरका गिम्दी, आश्राङ र ठुलादुर्लङमा शैक्षिक सचेतना कार्यक्रम सम्पन्न गरियो। आश्राङ गाविसको वडा नं. १, ३, ४, ६, ७, ८ र ९ गिम्दीको १, ६, ७, र ९ र ठुलादुर्लुङको होचीबेसी र कपीराङ गरी जम्मा १३ वटा सचेतना कार्यक्रम सम्पन्न भयो। सम्बन्धित गाविसका युवा स्वयम्सेवकहरुबाटै सहजीकरण गरिएको सो कार्यक्रमहरुमा महिला १८९ पुरुष ११२ गरी जम्मा ३०१ को सहभागिता थियो।

कार्यक्रममा सहभागी आश्राङ गाविसका सहभागी सरस्वती सञ्जेलले भन्नुभयो, 'आफ्नो छोराछोरीका विषयमा यति धेरै चासो दिनुपर्ने रहेछ। विद्यालयमा नियमित रुपमा जानुपर्ने रहेछ। आफ्नो व्यवहारमा धेरै परिवर्तन गर्नुपर्ने रहेछ। आजबाट त मेरो आँखै खोलेको जस्तो महशुस भैरहेको छ।'

***प्यारा विद्यार्थी भाईबहिनी, शिक्षकहरु र अन्य पाठकहरुमा हाम्रो अनुरोध । यस बुलेटिनमा उपयुक्त आफ्नो लेख- रचना पठाई सहयोग गरिदिनु हुन आग्रह गर्दछौँ । उचित लेख-रचनालाई स्थान दिई प्रकाशित गरिनेछ र उत्कृष्टलाई आगमि दिनमा पुरस्कृत पनि गरिनेछ । साथै प्रतिकिया र सुझावको पनि हामी अपेक्षा गर्दछौँ । तलको ठेगान, कार्यलयमा सर्म्पक वा ईमेल पनि गर्न सक्नु हुनेछ ।***

*लू निभाः बाल सरोकार समूह*
**सैँबु, ललितपुर**
**पो.ब.नं ८९७५, EPC २१२७, काठमाडौँ**
**फोन नं : ५५९२०५४, ५५९१४२६, फ्याक्स : ५५९१३२९**
**ईमेल : info@loonivachild.org.np**

सहभागी अभिभावकहरुलेआफ्ना बालबालिकाहरुलाई विद्यालयमा भर्ना गरिदिएपश्चात आफ्नो सम्पूर्ण जिम्मेवारी सकेको ठान्ने सोचप्रति गलत भएकोबताएका थिए। गुणस्तरीय शिक्षा प्रवर्द्धनमा अभिभावकको भूमिका विषय महत्वपूर्ण भएकाले अबका दिनमा यसमा चिन्तनशील भई लाग्ने र नियमित रूपमा सम्बन्धित विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरुसँग भेटघाट गरी छलफल गर्ने पनि बताए। आफ्ना गाविसमा बालविवाह पनि एक समस्या र विकृतिकै रूपमा रहेकाले आगामी दिनहरुमा यसलाई रोकथाम गर्न टोलटोलमा अभियान चलाउने पनि निर्णय गरियो।



*सचेतना कार्यक्रममा सहजिकरण गर्दै सामाजिक परिचालक (दायाँ) युवा स्वयंसेवक (बायाँ)*

**२.२) गुणस्तरीय शिक्षाका लागि घरघरबाट सहयोग**

डडेल्धुरा/मष्टमाडौं, गणेशपुर, अजयमेरु र समैजी गाविसको सम्पूर्ण वडाहरुमा २०७१ फागुण र चैत महिनामा ३६ वटा सामुदायिक शैक्षिक सचेतना कार्यक्रम सञ्चालन गरियो। समुदायमा सञ्चालित युवा तथा महिला समुह र अन्य सरकारी तथा गैरसरकारी संस्थाहरुसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिएको थियो। कार्याक्रमलाई सफलतापूर्वक शुरुवात गर्नका लागि संस्थाकै सामाजिक परिचालक तथा १२ जना समुदायका युवाहरुको सक्रियतामा प्रत्येक वडा वडाहरुमा गर्ने योजनाअनुरुप सञ्चालन भएको थियो। शिक्षामा गुणस्तरीयता ल्याउनका लागि घरघरबाट सहयोग गरियोस् भन्ने उद्देश्यका साथ व्यापक रुपमा कार्यक्रम सञ्चालन गरिएको थियो। चारवटै गाविसका दलित समुदाय, पछाडि पारिएका समुदाय तथा अन्य परिवारका १०७५ महिला र २९६ पुरुष गरी जम्मा १३७१ जनाको सहभागिता थियो। कार्याक्रमको उपलब्धिस्वरुप समय समयमा विद्यालय भम्रण गर्ने गरी अभिभावक स्वयम्ले कार्यसूची समेत्त तयार गरी कार्यक्रम भएको थियो।

## ३. बालक्लवको वार्षिक समीक्षा बैठक

ललितपुर/ आश्राङ, गिम्दी र ठुलादुर्लुङका क्रमश: विद्याधिश्वरी उमावि, नारायणी उमावि र जनक माविमा बालक्लव वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरियो। आश्राङ फागुण १७, गिम्दी र ठूलादुर्लुङमा फागुण २९ गते गरिएको कार्यक्रममा बालक्लवको वर्तमान अवस्था, सञ्चालन गरिएका कार्यक्रमको हालको अवस्था र आगामी दिनहरुमा गर्नुपर्ने कार्यक्रमहरुका विषयमा रही छलफल तथा समीक्षा गरिएको थियो। कार्यक्रमलाई सम्बन्धित गाविसका सामाजिक परिचालकहरुले सहजीकरण गरिएको थियो। केटा ३९ र केटी ३२ गरी जम्मा ७१ सदस्यहरुको उपस्थिति थियो।

बालक्लवका सदस्यहरुले क्लवमा आवद्ध भएर आफैले कार्ययोजना निर्माण गरी व्यवस्थित रूपमा सञ्चालन गर्न सकेको, बोल्ने सीपमा विकास भएकोमा खुसी व्यक्त गर्नुभयो। बालक्लवमा सबै विद्यार्थीहरुको सहभागी गराउन नसकेको र बालविवाहका मुद्धामा केही कार्यक्रम गर्न नसकेको कम्जोरीका रूपमा बालक्लवहरुले प्रस्तुत गरेका थिए।



*कार्यक्रममा सहभागी अभिभावकहरु तथा कार्यक्रम शुरुवात गर्दै युवा स्वयंसेवकहरु*

# ४. युवा सञ्जाल बैठक

ललितपुर/ दक्षिण ललितपुर युवा सञ्जालको वार्षिक कार्ययोजनाअनुरुप आश्राङ, गिम्दी र ठुलादुर्लुङमा सदस्य वृद्धि गर्न तीनवटै गाविसमा क्रमशः फाल्गुण २५, २६ र ३० गते बैठक सम्पन्न गरियो ।गाउँका युवाहरुलाई सुसंगठित गरी सामाजिक कार्यमा अग्रसर गराउने र शिक्षाको क्षेत्रमा युवाहरुको तर्फबाट गर्न सक्ने साथ र सहयोग प्रदान गर्ने उद्देश्यका साथ बैठक सञ्चालन गरिएको थियो ।

बैठकमा तीन वटै गाविसमा प्रत्येक वडावाट प्रतिनिधि हुने गरी सदस्य थप गरिएको थियो । महिला १२ र पुरुष १७ गरी जम्मा २९ जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा सबै सहभागीलाई सञ्जालको उद्देश्य, काम, कर्तव्यका विषयमा सम्बन्धित गाविसका सामाजिक परिचालकहरुले अभिमुखीकरण गरेका थिए ।

# ५. परियोजना अभिमुखीकरण कार्यक्रम

५.१) डडेल्धुरा/ मिति २०७१ माघ १२ गतेका दिन लू निभाः फिल्ड कार्यालयका कर्मचारीहरुलाई शिक्षा सरोकार परियोजनाको दोस्रो चरणको योजनाहरुका बारेमा अभिमुखीकरण गरियो । कार्यक्रम अधिकृत ज्ञानभक्त महर्जनले सन् २०१५ को वार्षिक कार्ययोजना प्रस्तुत गरी सोको प्रभावकारी कार्यन्वयनका लागि छलफल सञ्चालन गर्नुभयो । साथै कर्मचारीहरुलाई मासिक योजना र प्रतिवेदन, प्रस्तावना लेखन, कार्यक्रमको प्रतिवेदन लेखन र घटना अध्ययन लेखनको बारेमा अभिमुखीकरण गराइयो । कार्यक्रममा दुई महिला र सात पुरुष कर्मचारीको सहभागिता थियो ।

५.२) ललितपुर/ सन् २०१५ मा सञ्चालित परियोजनाहरु अन्तरगतका योजनामा रही उचित जिम्मेवारी बाँडफाँटका साथ माघ १३ गते लू निभाःको बैठक हलमा कर्मचारी परियोजना अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । वरिष्ठ कार्यक्रम अधिकृत कृष्णगोविन्द महर्जनले शैक्षिक सहायता कार्यक्रमको योजना प्रस्तुत गर्नु भएको थियो । यसैगरी कार्यक्रम संयोजक सन्तराम डंगोलले शिक्षा सुशासन परियोजना र कार्यकारी निर्देशक नरेन्द्र डंगोलले शिक्षा सरोकार परियोजना अन्तरगत तय भएका योजनाहरुको प्रस्तुतीकरण गर्नुभको थियो । चार महिला र आठ पुरुष गरी १२ जना कर्मचारीहरुको उपस्थिति थियो ।



*योजना प्रस्तुती माथि छलफल गर्दै लू निभाः कर्मचारीहरु*

## ६. इन्टरपेडियाको प्रतिनिधिद्वारा दक्षिण ललितपुरको अवलोकन भ्रमण

ललितपुर/ इन्टरपेडिया, फिनल्याण्डको प्रतिनिधित्व गर्दै आउनुभएका साराको साथमा लू निभाःका कार्यकारी निर्देशक नरेन्द्र डंगोल र वरिष्ठ कार्यक्रम अधिकृत कृष्णगोविन्द महर्जनले माघ २७ देखि २९ गतेसम्म दक्षिण ललितपुरमा परियोजनाको स्थलगत अवलोकन भ्रमण गर्नुभयो । ललितपुरको कर्णाली भनेर चिनिने ठुलादुर्लुङ, आश्राङ र गिम्दी गाविसमा अवस्थित विद्यालयमा लू निभाःद्वारा गत वर्षदेखि सञ्चालित शिक्षा सुशासन परियोजनाले हासिल गरेका उपलब्धि तथा चुनौतीहरुका बारे जानकारी लिने उद्देश्यका साथ स्थलगत अवलोकन भ्रमण तय गरिएको थियो । सोहीअनुरुप गिम्दी गाविसकोश्री जनक मावि, नारायणी उमावि र आश्राङको विद्याधिश्वरी उमाविका शिक्षक र विद्यार्थीहरुसँग अन्तर्क्रिया गरेका थिए । सो कार्यक्रममा सम्बन्धित गाविसका समाजिक परिचालकहरुले सहयोग गरेका थिए ।



अवलोकन भ्रमण टोली विद्यालय शिक्षक शिक्षिकासँग

## ७. दक्षिण ललितपुरका विद्यालयहरुमा कम्प्युटर सहयोग

ललितपुर/ लू निभाः नेपालले माघ २७गतेका दिन दक्षिण ललितपुरको गिम्दी गाविसमा अवस्थित नारायणी उमाविलाई पाँच थान र जनक माविलाई पाँच थान गरी जम्मा १० थान कम्प्युटर सहयोग गऱ्यो । विद्यार्थीहरुलाई कम्प्युटर शिक्षा प्रदान गर्ने उद्देश्यलाई सहयोग गरिएको हो ।

काठमाडौं उपत्यकाभित्र पर्ने ललितपुरलाई विकसित जिल्लाको रूपमा लिइन्छ । तर विकासको गतिमा ललितपुरको दक्षिणी भेक र नेपालको सुदुरपश्चिमको अवस्था समान देखिन्छ । आश्राङ, गिम्दी, ठुलादुर्लुङ, चन्दनपुर, कालेश्वर र प्युटार गाविसहरुमा शिक्षा, विद्युत तथा सूचनाको सुविधा पुग्न सकेका छैनन् । गिम्दी गाविसको साक्षरता प्रतिशत ४० मात्र छ । जुन अति नै न्यून हो । शैक्षिक विकासविना सामाजिक तथा भौतिक विकासका प्रक्रियाहरु सुचारु रूपले अघि बढ्न नसक्ने लू निभाःको ठम्याइ छ ।

लू निभाःको कार्यकारी निर्देशक नरेन्द्र डंगोल, वरिष्ठ कार्यक्रम अधिकृत कृष्णगोविन्द महर्जन र इन्टरपेडियाको साराले कम्प्युटर हस्तान्तर गर्नुभएको थियो ।



विद्यालयलाई कम्प्युटर हस्तान्तरण गर्दै फिनल्याण्डका प्रतिनिधि

# ८. लागु औषध प्रयोग र असर विषयक अभिमुखीकरण कार्यक्रम

ललितपुर/ जनउदय मावि, सैंबुस्थित विद्यालयमा अध्ययनरत कक्षा आठ र नौका विद्यार्थीहरुलाई फागुण २२ गतेका दिन लागु औषध प्रयोग र यसको असरका विषयमा अभिमुखीकरण कार्यक्रम गरियो । लागु औषध प्रयोगबाट जीवन, परिवार तथा समाजमा पर्ने असरहरुको बारेमा जानकारी गराइ बालबालिकाहरुलाई सचेत बनाउनु कार्यक्रको उद्देश्य थियो । कार्यक्रममा ४० जना विद्यार्थीहरुको सहभागिता थियो । लागु औषध प्रयोगसम्बन्धि छोटो फिल्मका साथै त्यसको परिचय, किसिम र त्यसबाट हुने असरहरुका बारेमा विभिन्न उदाहरणका साथ प्रस्तुति गरी बुझाइएको थियो । अत्यन्तै उत्सुकताका साथ विद्यार्थीहरु सहभागी भएका थिए र प्रस्तुतीकरण माथि प्रश्न गरेका थिए । लू निभाःमा स्वयम्सेवा गर्नुहुने सेन्ट जेभियर्सका इन्टरहरु सवनम महर्जन, वर्षा थापामगर र सलिना श्रेष्ठले कार्यक्रम सहजीकरण गरेका थिए ।



*लागु औषधि सेवन र त्यसको असरका विषयमा छोटो फिल्म हेर्दै विद्यार्थीहरु*

## बालक्लवलाई सहयोग प्रदान

डडेल्धुरा / बालक्लव सहयोग कार्यक्रम अन्तरगत समैजी गाविसको बालक्लवले यहीमार्च महिनामा २ वटा क्रियाकलापहरु सम्पन्न गरेका छन् । बालबालिकामा रहेको प्रतिभा प्रष्फुटन गरी बालअधिकारको संरक्षण र गुणस्तरीय शिक्षाको प्रवर्द्धनकालागि बालबालिकाहरुलाई सशक्तीकरण गर्नु कार्यक्रमहरुको मुख्य उद्देश्य थियो । विद्यालय अन्तर्गतका बालक्लबहरुले फोकल शिक्षकको सहजीकरणमा हाजिरी जवाफ र हिसाब दौड गरेकाथिए । कार्यक्रममा जम्मा ५७ बालबालिकाहरुको सहभागिता थियो । कार्यक्रम मार्फत बालबालिकाहरुले आफूमा निहित प्रतिभा प्रदर्शन गर्ने स्थान र अवसर पाएकोमा बालबालिकाले खुसी व्यक्त गरेकाथिए । साथै बालक्लवका सदस्यहरुले कार्यक्रम आयोजना तथा व्यवस्थापन गर्ने विधि बारेमा अनुभव संकलनगर्न तथा सिक्न पाएको बताए ।

## शिक्षक घुम्ती बैठक समीक्षा तथ्याङ्क सङ्कलन कार्य सम्पन्न

डडेल्धुरा/ लू निभाःबालसरोकार समुह फिल्ड कार्यालय डडेल्धुराले यही मार्च महिनामा परियोजना क्षेत्रका चारवटै गाविसमा घुम्ती बैठक समीक्षा तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरेको छ । सन २०१४ मा सम्पन्न गरेका घुम्ती बैठकहरुको बारेमा समीक्षा गरी २०१५ को घुम्ती बैठकलाई प्रभावकारी बनाउनका लागि आवश्यक तथ्याङ्क उपलब्ध गरी प्रभावकारी याजना तथा कार्यक्रम निर्माण गरेको थियो । कार्यक्रममा चारवटै गाविसका २४ जना शिक्षकहरुका सहभागिता थियो ।

## रेडियो कार्यक्रम

डडेल्धुरा/लू निभाः फिल्ड कार्यालयको आर्थिक सहयोग र जिल्ला शिक्षा कार्यालय डडेल्धुराको सहकार्यमा २ वटा सामुदायिक रेडियोहरुले शिक्षा सरोकार कार्यक्रमको १२ वटा कार्यक्रम प्रशारण गरेका थिए । डडेल्धुरा जिल्लाका प्रमुख २ वटा सामुदायिक रेडियोहरु रेडियो अमरगढी र रेडियो सुदूर आवाजले ६/६ वटा कार्यक्रमहरु प्रशारण गरेका थिए । कार्यक्रम मार्फत मध्यस्थता सुदुरपश्चिमका शिक्षासँग सम्बन्धित सरोकारवालाहरुकालागि शिक्षाको महत्व बारेमा छलफल, बहस र पैरवी सञ्चालनगर्ने तथा शिक्षासँग सम्बन्धित विभिन्न सूचना र जानकारीहरु प्रशारण गरी जनचेतना फैलाइरहेका छन् ।

# बाल उद्यानमा रमेका बालबालिका

*नवराज सञ्जेल, बज्रबाराही उमावि*

लू:निभा बालसरोकार समुहको मुखपत्र बाल उद्यान अङ्क २ बज्रबाराही उमाविमा आइपुग्यो। बाल उद्यानको यो अङ्क विद्यार्थीहरुले हुलछोपाइ गरे । कक्षा ६ मा अध्ययनरत छात्रा सृष्टि श्रेष्ठ फुरुङ्ग परिन्। आफ्नो तस्बीर बाल उद्यानको कभर पृष्ठ ढाकिएको देखेर मख्ख पर्दै सोधिन्, 'सर ! हामी बालबालिकाहरुको फोटो पनि पुस्तकमा छापिँदो रहेछ नि !'

'लू:निभा र बाल उद्यान भनेकै तिमीहरु जस्ता बालबालिकाका हितमा काम गर्ने संस्था हो अनि किन नआउनु !' त्यसो त बालबालिकाहरु आफ्ना सिर्जना देख्न पाउँदा सधैँ दङ्ग हुन्छन्। नयाँ सिर्जना गर्न प्रेरित हुन्छन्। बाल उद्यानलाई यहाँका बालबालिकाहरुले आफ्नो सिर्जना भर्ने माध्यम ठानेका छन् ।

लू:निभाले विद्यालय र समुदायमा चालेका शैक्षिक पाइला प्रशंसायोग्य छन् । वास्तवमा बालबालिका भगवानका साक्षात् रूप हुन्। यदि हामीले उनीहरुको साक्षात्कार गर्ने हो भने केही समयपछि समाजमा सकारात्मक परिवर्तन आउँछ। गल्ती कमजोरीमा कुटिहाल्ने प्रवृत्तिमा रूपान्तरण गर्नुपर्छ । राम्रा कामका लागि प्रशंसा र गलत कामका लागि सुधारका उपाय सिकाउने हो भने अपेक्षा गरेको परिवर्तन टाढा छैन । किनकि बालबालिका नै यसका एक मात्र हकदार हुन् ।

बज्रबाराही उमाविमा ९ कक्षामा अध्ययनरत छात्रा गीता पहरीलाई भने गरिब तथा जेहेन्दार छात्रवृत्ति तथा शैक्षिक सहयोग दिएर लू:निभाले ज्यादै ठूलो गुन लगाएको छ भन्छिन्। उनले भनिन्, 'बाल भित्तेपत्रिकाको तालिम, जनचेतना अभिवृद्धि कार्यक्रम तथा बालक्लब गठनमा लू:निभाले खेलेको भूमिका बालबालिकाको प्रत्यक्ष सरोकारका पक्षमा छन् ।'

विद्यालयको तर्फबाट संघसंस्था समन्वय गर्ने शिक्षक गोपीप्रसाद घिमिरे भने शैक्षिक सुधारका लागि नमूना विद्यालय भ्रमण र व्यक्तित्व विकाससम्बन्धी कार्यक्रमहरु मन परेको बताउनुहुन्छ। बालबालिकाको पहिलो पाठशाला उनीहरुको आफ्नै घर भएकाले अभिभावकलाई शिक्षा दिनु राम्रो हुन्छ। हाम्रो समाजमा सानासाना गल्तीमा बालबालिकालाई चर्को गाली गर्ने र दबाएर राख्ने प्रचलन पनि पाइन्छ । यसतर्फ लू:निभाका पाइलालाई थप बलियो पार्ने हो कि !

विद्यालयका नवनियुक्त प्रधानाध्यापक रामेश्वर महर्जनका विचारमा लू:निभाले बालबालिकाको सरोकारमा काम गरेको उल्लेखनीय लाग्छ रे। उहाँले भन्नुभयो, 'हामीलाई योजना कार्यान्वयनमा प्रतिबद्धता गराइ व्यवस्थापन गर्नु अझ राम्रो छ। लू:निभाकै सहयोगले कति विद्यार्थीले आफ्नो अध्ययनलाई निरन्तरता दिन पाएका छन्। विद्यालयको भौतिक सुधारमा टेवा पुगेको छ। आगामी दिनमा अझ यी र यस्तै कार्यक्रमहरु सशक्त गर्दै व्यवस्थापन र बालहितमा भए राम्रो हुन्थ्यो ।'

लू:निभाले बालबालिकाका नेतृत्व विकासदेखि अभिभावक परिचालनमा समेत ध्यान दिनुपर्छ। बालक्लबहरुको संस्थागत विकास गरी अझ सशक्त र दिगो बनाउनु पर्छ। बालमैत्री शिक्षा, बालअधिकार, व्यक्तित्व विकास परमर्श गोष्ठी, यौनहिंसा र यौन दुराचार विरुद्ध आवाजजस्ता कार्यक्रमलाई समयसापेक्ष बनाइ सञ्चालन गरिनु पर्दछ । ललितपुर जिल्ला भए पनि विकासका अवसरबाट बञ्चित दक्षिण भेगमा यसले चालेका पाइला नथाकून् । लक्ष्य पूरा नभई नफर्कियून्। नयाँ नेपालको नारा लागेको लामो समय भयो तर नाराको सार्थकता पाउन सकेको छैन ।

बालबालिकाहरुलाई संवैधानिक रुपले सुरक्षित गरेका अधिकारहरुलाई कसैले पनि हनन् गराउनु भएन । शिक्षक, अभिभावक र विद्यार्थीका बीच त्रिकोणात्मक अन्तर्क्रिया समयसमयमा बालक्लब भेला, बालबालिकाका आवाज सुनाउने, संस्थाका राम्रा प्रयासलाई साटासाट गर्ने र समुदाय परिचालनमा परामर्श प्रदान गर्नेजस्ता कार्यलाई तीब्रता दिनुपर्छ। कति विद्यालयहरु पीडालय भएका खबरहरु अखबारमा आउछन् । यसमा न्युनीकरण ल्याउनुपर्छ। विद्यार्थीलाई कक्षामा थुनेर र चर्को आवाजमा कराएर मात्र अध्यापन हुन्छ भन्ने बुझाइमा परिवर्तन ल्याउन लू:निभाले पहल लिनु पर्दछ। अशल कार्यका लागि हामी शिक्षकहरुले सहकार्यका हात अघि सार्नै पर्छ।

सृष्टि श्रेष्ठ बाल उद्यानमा आफ्नो फोटो देखेर दङ्ग परेजस्तै अरु धेरै छात्रछात्रा घर, परिवार, समाज र विद्यालयमा रमाउने वातावरण तयार पारौँ न ! देश सुखी र सम्पन्न हुने बाटो यही त हो नि !



# बाल जगत

कविता

## लू निभा:को महिमा

पुष्पराज भट्ट
श्री गणेश उमावि, बडाल, डडेल्धुरा

*बालकहरु यताउता, गाउँघरमै बसिदिने*
*अशिक्षार अन्धकारको जालोभित्र फसिदिने ।*
*यसले गर्दा नेपालीको जीवन दु:खद् भयो*
*हटाउन बालपिडा लू निभा:ले जन्म लियो ।*

*जान्न भन्ने बालक पनि झोला बोकी स्कुल गए*
*बाबुआमा यो देखेर, अति धेरै खुसी भए ।*
*यसको सबै श्रेय जति, लू निभा:लाई जान्छ*
*पारदर्शिता लू निभा:को, जगतले ठान्छ ।*

*संवाहक नेतृत्वका, अग्रगामी हुन पुग्यौँ*
*चित्रकथा लेखनको, शिखर छुन पुग्यौँ ।*
*अझै झन यो संस्थाले, बढी सेवा गरिदेओस्*
*जनहित र दक्षतामा, सदा अघि सरिदेओस् ।*





*Jyotshana Gop*
Tri-Padma Vidhyashram H.S.S., Pulchowk, Lalitpur

## सामान्य ज्ञान

विश्वमा सबैभन्दा धेरै पटक सगरमाथा चढ्ने व्यक्ति को हुन् ?

❋ *आप्पा शेर्पा (१९ पटक)*

विश्वमा बिग डी भन्नाले डलरलाई जनाउँछ भने, बिग सी भन्नाले केलाई बुझाउँछ ?

❋ *क्यान्सर*

बर्ड फ्लु भन्दा पनि खतरनाक भाइरस कुन हो ?

❋ *स्वाइनफ्लु*

## एक छिन हाँसौं

प्यारासुट जम्प गर्न लागेको एक सैनिकलाई अर्कोले सोध्यो
सैनिक १ : तिमीले कतिपल्ट प्याराजम्प गऱ्यौ ?
सैनिक २ : केवल १ पटक
सैनिक १ : तर तिम्रो रेकर्डमा त १५ पटक लेखिएको छ त !
सैनिक २ : बाँकी १४ पटक त मलाई धकेलिएको थियो ।

